नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.................................... शाखा)

मिति २०७९।४।४

प.सं.: ०७९/८०
च.नं.: ३१

विषय :- सामाजिक चेतनामूलक भिडियो निर्माण गरेर युट्युब तथा टिकटक माध्यमबाट प्रशारण गर्ने प्रतियोगिता सम्बन्धी सूचना।

राष्ट्रिय युवा परिषदले अन्तराष्ट्रिय युवा दिवसको अवसरमा सामाजिक सन्देशमूलक युट्युब ( YouTube.com) तथा टिकटक (TIkTok.com भिडियो प्रतियोगिता सञ्चालन गर्न गइरहेको जानकारी गराउन पाउँदा खुशिलागेको छ। टिकटक तथा युट्युब भिडियो निर्माण गर्न इच्छुक व्यक्ति तथा समूहले तपसिलका विषयहरु मध्ये एक विषयमा वा एक भन्दाबढी विषयमा टिकटक तथा युट्युब भिडियो निर्माण गरी आफ्नै टिकटक एकाउण्ट तथा युट्युब च्यानलमा अपलोड गरी प्रतियोगितामा सहभागि हुन अनुरोध गरी यो सूचना सार्वजनिक गरिएको छ।

१ लागुपदार्थ दुर्व्यसन विरुद्धमा युवा
२ लैङ्गिक तथा जातीय विभेद र छुवाछुत विरुद्धमा युवा
३ धामी झाक्री बोक्सी जस्ता कुप्रथा विरुद्धमा युवा
४ छाउपडी प्रथा, रजस्वला समयमा गरिने भेदभाव र छुवाछुत परम्परा विरुद्धमा युवा
५ बन्यजन्तु तथा वतावरण संरक्षणमा युवा
६ स्वस्थ खाना अभियानमा युवा (जंक फुड विरुद्धमा युवा )
७ भ्रष्टाचार विरुद्ध तथा सुशासनको लागि युवा
८ युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्धनमा युवा

## प्रतियोगिता सम्वन्धी नियमहरु

१. इच्छुक व्यक्तिले माथि उल्लेखित एक विषयबस्तु वा एकभन्दा बढी बिषयबस्तुमा सन्देशमूलक टिकटक तथा युट्युब भिडियो निर्माण गर्नु पर्ने छ।

२. आफ्नै टिकटक एकाउण्ट तथा युट्युब च्यानलमा राखी ( अपलोड गरी ) सोको लिङ्क युवा परिषद्को वेबसाइड www.nyc.gov.np मा राखिएको गुगल फर्ममा भएका विवरण सहित उपलब्ध गराउनु पर्ने छ।

३. प्रतियोगिले पेश गरिएको भिडियो आफै निर्माण गरेको तथा टिकटक तथा युट्युब च्यानल आफ्नै रहेको पुष्टि गर्ने प्रमाण र नागरिकताको प्रमाण पत्र वा जन्मदर्ताको प्रतिलिपी पेश गर्नु पर्ने छ।

४. माथि उल्लेखित विषयमा दिएको सन्देश, भिडियोको भ्यूज, भिडियोको कला पक्ष, सामाजिक सन्देशमा राष्ट्रिय युवा परिषदको सन्दर्भ, लाइक, सेयर जस्ता पक्षहरुलाई मूल्याङ्कनको आधार बनाइने छ।

५. भिडियोको समय सिमा टिकटकको लागि बढीमा तीन मिनेट र युट्युबको लागि बढिमा पाँच मिनेट हुने छ। त्यस भन्दा बढी समयको भिडियोको मूल्याङ्कन हुने छैन।

६. टिकटक र युट्युब दुवै तर्फ पुरस्कारको व्यवस्था गरिने छ। मूल्याङ्कन समितिको मूल्याङ्कनको आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कारको व्यवस्था गरिने छ।

७. प्रतियोगितामा भागलिने प्रतियोगि १६ देखि ४० बर्ष उमेर समूह भित्रको हुनु पर्ने छ।

प्रमुख:



Scanned with CamScanner

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(.................................................. शाखा)

राष्ट्रिय युवा परिषद
२०७२
सानोठिमी, भक्त...

National Youth Council-Nepal
2016
Sanothimi, Bhaktapur

प.सं.:

च.नं.:

८. प्रतियोगितामा सहभागी हुनेलाई राष्ट्रिय युवा परिषद्को तर्फबाट प्रमाणपत्रको व्यवस्था गरिनेछ। धेरै जनाले एक भिडियो निर्माण गरेको भए प्रमाण पत्र सबैलाई दिइने छ तर पुरस्कृत भएमा एक भिडियोको लागि एक पुरस्कार मात्र व्यवस्था गरिने छ।

९. पुरस्कृत हुने व्यक्ति तथा समुहलाई अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा श्राबण २७ गते हुने मूलसमारोहमा नगद र प्रमाण पत्र सहित सम्मान गरिने छ र भिडियो प्रदर्शन गरिने छ।

१०. भिडियोको कपिराइट निर्माण गर्ने व्यक्ति तथा समुहकै हुने छ। प्रतियोगिको भिडियोमा अन्य व्यक्तिको कपिराइट भएको आवाज तथा तस्विर (श्रव्य/ दृश्य ) राख्न पाइने छैन। आफ्नै सिर्जना हुनु पर्ने छ। कपिराइटको दावि विरोध आएमा र सत्य ठहरिएमा पुरस्कृत हुनेको पुरस्कार समेत फिर्ता गरिने छ।

११. प्रतियोगिले श्राबण २२ गते (Aug, 8 ,2022) भित्र टिकटक तथा युट्यब भिडियो अपलोड गरिसक्नु पर्ने छ।

१२. मूल्याङ्कन समितिको मूल्याङ्कन तथा निर्णय नै अन्तिम हुने छ।

१३. टिकटक भिडियो तर्फ प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना पुरस्कारको रासी क्रमस : रु ३० हजार, रु २० हजार, रु १५ हजार र रु १० हजार र त्यस्तै युट्युब भिडियो तर्फ प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना पुरस्कारको रासी क्रमस : रु ४० हजार, रु ३० हजार, रु २० हजार र रु १० हजार हुने छ।

## मूल्याङ्कनमा अङ्क विभाजन

मूल्याङ्कन समितिले निम्म पक्षमा निम्न अङ्कको आधारमा भिडियोको मूल्याङ्कन गर्ने छ। भिडियो मूल्याङ्कनको पूर्णाङ्क १०० हुने छ।

१. माथि उल्लेखित समाजिक सन्देशको प्रस्तुति ४० अङ्क
२. भिडियोको कला पक्ष १५ अङ्क
३. भिडियो सन्देश राष्ट्रिय युवा परिषद्को उद्देश्य भन्ने उल्लेख १५ अङ्क ( युवा परिषदको उद्देश्य हो भन्ने देखिने )
४. भ्यूजको लागि १० अङ्क
५. लाइकको लागि १० अङ्क
६. सेयरको लागि १० अङ्क

(भ्यूज लाइक र सेयरको लागि तोकिएको अङ्क सिमा भित्र रहेर मूल्याङ्कन समितिले कति लाइक, भ्यूज र सेयरको लागि कति अङ्क दिने भन्ने मापदण्ड बनाइ लागु गर्ने छ।)

रमाकान्त शर्मा
प्रशासकीय प्रमुख

वेवसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सहायता

Scanned with CamScanner